नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ ।

फोन नं. (९७७)- ४२००३६८ Ext-164
Email Address:-account.section@mofaga.gov.n

पत्र संख्याः- २०७८/७९
चलानी नम्बरः- ८२

मितिः- २०७८/०६/०१

श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर,

श्री सस्पेन्सन ब्रिज डिभिजन, पुल्चोक, ललितपुर,

श्री ग्रामिण सडक सञ्जाल सुधार आयोजना, पुल्चोक, ललितपुर,

श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाण्डौ,

श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जाउलाखेल, ललितपुर,

श्री जिल्ला समन्वय समितिको कार्यालय,(बारा, भक्तपुर, रुपन्देही, कपिलवस्तु, दाङ्ग, नवलपरासी, सल्यान, काठमाण्डौ, कालिकोट, डोल्पा, सिराहा, मकवानपुर, नुवाकोट, काभ्रे, सिंन्धुली, गुल्मी, सर्लाही, स्याङ्गजा, सुनसरी, ताप्लेजुंङ, कांस्की र अर्घाखांची) ।

श्री स्थानीय तह (सबै)

**विषयः- महालेखापरीक्षकको ५८औं बार्षिक प्रतिवेदनको जवाफ सम्बन्धमा ।**

महालेखापरीक्षकको कार्यालयको च.नं.४९ मिति २०७८/०५/२८ को पत्र यसै साथ संलग्न छ । सो पत्रानुसार महालेखापरीक्षको ५८औं बार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजूहरुको कार्यान्वयनको कार्ययोजना एवंम त्यस कार्यालयसँग सम्बन्धित दफाहरुको जबाफ/ प्रमाण साथ बेरुजू फछ्र्यौटको मासिक प्रगति विवरण ७ दिन भित्र पेश गर्न हुन निर्देशानुसार अनुरोध छ ।

बाबुराम ज्ञवाली
उप सचिव (लेखा)

**बोधार्थः-**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ ।

श्री संघीय संसद सार्वजनिक लेखा समिति, सिंहदरवार, काठमाण्डौ ।

श्री महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौ ।

श्री बेरुजू फछ्र्यौट अनुगमन समिति, सिंहदरवार, काठमाण्डौ ।

श्री सूचना प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- मन्त्रालयको website मा राखिदिनु हुन अनुरोध छ ।
सिंहदरवार, काठमाण्डौ ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal


संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नं.:- ९८०
दर्ता मिति:- ०७८।५।३०

अर्थ तथा आर्थिक क्षेत्र विभाग

दर्ता नं.:- 9966

पत्र संख्या २०७८।७९
च. नं ४९

मिति: २०७८।०५।२८

विषय: महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयन सम्वन्धमा।

श्री सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

उपरोक्त सम्बन्धमा नेपालको संविधानको धारा २९४(१) मा संबिधान बमोजिमका संबैधानिक निकायले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष पेश गर्न लगाउनेछ भन्ने व्यवस्था अनुरुप महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन २०७८ सम्मानित राष्ट्रपति समक्ष पेश भई कार्यालयको वेबसाईट मार्फत सार्वजनिक भई सकेको छ। साथै त्यस मन्त्रालय र मातहतका निकायसँग सम्बन्धित लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनहरु समेत प्राप्त भएकै होला।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ मा बेरुजुको लगत राख्ने र दफा ३९ मा बेरुजु फर्स्यौट गर्ने गराउने व्यवस्था रहेको छ भने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्ने र सोही नियमावलीको अनुसूची-१४ मा बेरुजु फर्स्यौट (लक्ष्य र प्रगति) को विवरण तथा एकीकृत प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २१ मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदनको कार्यान्वयन गर्नु सम्बन्धित जिम्मेवार पदाधिकारीको कर्तव्य हुने र दफा २२ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको लेखापरीक्षण गर्दा देखिएका बेरुजूमा सम्बन्धित निकायले कानुन बमोजिम कारबाही गर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २१ (२) मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदनमा उल्लेख गरिएका विषय सुधार भए नभएको र सुझाव कार्यान्वयन भए नभएको सुनिश्चित गर्न लेखापरीक्षण गरिएका निकायबाट भएका काम कारवाहीको प्रतिवेदन लिने, जवाफ लिने, कार्यान्वयनका लागि समयावधि तोक्ने, पुन: जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने लगायतका कार्य महालेखापरीक्षकले गर्न सक्ने व्यवस्था रहेको छ।

उल्लेखित व्यवस्था अनुसार त्यस मन्त्रालय र मातहतका निकायसँग सम्बन्धित वार्षिक प्रतिवेदनमा समावेश भएका बेरुजुहरुको कार्यान्वयनको कार्ययोजना तयार गरी १५ दिनभित्र उपलब्ध गराउनु हुनका साथै प्रतिवेदन कार्यान्वयन र बेरुजु फर्स्यौटको मासिक प्रगति विवरण प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र पेश गर्नु हुन समेत अनुरोध गर्दछु।

**बोधार्थ**

श्रीमान मुख्यसचिवज्यू: जानकारी तथा कार्ययोजना र प्रतिवेदन उपलब्ध गराउने सन्दर्भमा आवश्यक निर्देशनको लागि।

(रामु प्रसाद डोटेल)
उप महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"